# खोटेहाङ गाउँपालिका

## उत्कृष्ट कृषक प्रोत्साहन पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०८।१७

# प्रस्तावना

खोटेहाङ गाउँपालिकाको सन्दर्भमा हेर्दा बसाइँ सराइँ, बैदेशिक रोजगार, शहर बजार केन्द्रीत व्यवसाय वा बसोबासको कारण जनसंख्या क्रमशः घट्दो अवस्थामा छ। एकातिर जनसंख्या घटीरहेको छ भने अर्कोतिर खेती योग्य जमिन बाँझिने क्रम बढ्दो रुपमा छ। यति हुँदा हुँदै पनि गाउँपालिका भित्र व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरु उत्साहजनक ढंगले लागि नै रहेका छन्। कतिपय कृषकहरुले व्यवसाय दर्ता गरेर कृषि कर्म गरिरहेका छन् भने कतिपय कृषकहरु परंपरागतरुपमा नै कृषि कर्म गर्न सक्रिय छन्। व्यवसाय दर्ता गरेर आधुनिक तरिकाले कृषि व्यवसाय गरिरहेका कृषकहरुलाई प्रोत्साहन गर्न जति अनिवार्य छ त्यसरी नै परंपरागत ढंगले कृषि व्यवसाय गरिरहेका कृषकहरुलाई आधुनिक कृषि पद्दतिसँग जोड्न अनिवार्य छ। परंपरागतरुपमा खाध्यान्नबाली लगायतका बाली/वस्तु उत्पादन गरिरहेका कृषकहरुलाई पुरस्कृत गर्दा आधुनिक कृषि पद्दतितर्फ आकर्षित हुने र आधुनिक कृषि पद्दति अपनाइरहेका कृषकहरुलाई पुरस्कृत गर्दा अरुको लागि उत्प्रेरणाको श्रोत बन्न सक्ने कुरालाई ध्यानमा राखी विभिन्न बाली वस्तु उत्पादन गरिरहेका कृषकहरुलाई नगद पुरस्कार सहित उत्कृष्ट कृषकबाट सम्मान गर्ने उद्देश्यका साथ यो कार्यविधि जारी गरी लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

### १.संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधिको नाम **उत्कृष्ट कृषक प्रोत्साहन पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि-२०८०** रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

### २) परिभाषाः

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यपालिका" भन्नाले खोटेहाङ गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ।

(ख) "समिति" भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ।

(ग) "शाखा" भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ।

(घ) "वडा कार्यालय" भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ।

(ङ) "प्रारम्भिक छनौट समिति" भन्नाले यस कार्यविधिको बुँदा नं ४ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ।

(च) "अन्तिम छनौट समिति" भन्नाले यस कार्यविधिको बुँदा नं ९ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ।

(च) "वडा स्तरीय कृषक सञ्जाल" भन्नाले गाउँपालिकाको सबै वडामा गठन भएको कृषि अभियन्ताहरु सम्मिलित वडा स्तरीय कृषक सञ्जाललाई बुझ्नु पर्छ।

उद्दिम बहादुर राई अध्यक्ष गाउँपालिका

## ३) कार्यक्रम सञ्चालनको उद्देश्य:

यस कार्यविधि अनुसार यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको हुने छ ।

(क) कृषकको योगदानलाई सम्मान गर्न ।

(ख) कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउन ।

(ग) कृषक-कृषक बीच स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउन ।

(घ) कृषकहरुको मनोबल बढाउन ।

(ङ) शिक्षित तथा युवा वर्गलाई कृषि पेशातर्फ आकर्षित पार्न ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

# परिच्छेद-२

## उत्कृष्ट कृषक छनौट विधि

## ४) वडा स्तरमा गरिने प्रारम्भिक छनौट

खोटेहाङ गाउँपालिकाको ९ वटै वडाहरुले देहाय बमोजिमको बाली-वस्तु उत्पादन, प्रशोधन र बजारीकरण गरिरहेकाहरु मध्येबाट उत्कृष्ट १,१ जना कृषकहरु छनौट गरेर खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिमा पठाउनु पर्ने छ । आफ्नो वडामा तल उल्लेखित बाली तथा वस्तुहरु मध्ये कुनै बाली वा वस्तुको व्यवसायिक उत्पादन भएको छैन भने त्यस बाली वा वस्तुको उत्कृष्ट कृषक छनौट गर्न अनिवार्य छैन ।

| क.सं | बाली/वस्तु | सिफारिस गर्नु पर्ने संख्या |
|---|---|---|
| १ | अन्नबाली (धान, कोदो, मकै, गहुँ, आलु) | १ जना |
| २ | सबै जातका फलफूल खेती | १ जना |
| ३ | पशुपालन (भैंसी, बाखा, बङ्गुर, मौरी) | १ जना |
| ४ | नगदेबाली (तोरी, तरकारी, अलैंची, अमृसो, मास, भटमास, सिलाम आदि) | १ जना |
| | जम्मा | ४ जना |

## ५) वडा स्तरमा गरिने प्रारम्भिक छनौटका आधारहरु

| क.सं | छनौटका आधारहरु |
|---|---|
| १ | अन्नबाली, फलफूल तथा नगदेबालीहरुको हकमा वडा भरिमा सबैभन्दा बढी क्षेत्रफल वा परिमाणमा उत्पादन गरिरहेका कृषक हुनुपर्ने । |
| २ | पशु-पंक्षीको हकमा वडा भरिमा सबैभन्दा धेरै संख्यामा पशु-पन्छी पालिरहेको कृषक हुनुपर्ने । |
| ३ | संख्या र परिमाणसँगै आधुनिक प्रविधिको प्रयोग गरिरहेका, फर्म दर्ता गरेका र सम्बन्धित विषयमा तालिम प्राप्त कृषकहरुलाई प्राथमिकता दिनुपर्ने । |

दिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

## ६) वडा स्तरमा गरिने प्रारम्भिक छनौट प्रक्रिया तथा समिति ।

वडा स्तरमा गरिने प्रारम्भिक छनौट समितिको बैठक सम्बन्धित वडाको वडाध्यक्षको अध्यक्षतामा बस्ने छ। छनौट समितिमा देहाय बमोजिमको व्यक्तिहरु रहने छन्।

| क्र.सं | प्रारम्भिक छनौट समिति |
|---|---|
| १ | वडाध्यक्ष सहित निर्वाचित जनप्रतिनिधिहरु- ५ जना |
| २ | सम्बन्धित वडाको सचिव- १ जना |
| ३ | सम्बन्धित वडा हेर्ने कृषि तथा पशु विकास प्राविधिक-२ जना |
| ४ | वडा स्तरीय कृषक सञ्जालका पदाधिकारीहरु (जुन वडामा जति जनाको वडा स्तरीय कृषक सञ्जाल गठन भएको छ, सबै जना) |

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोटाङबजार, खोटाङ
२०७३

## ७) सिफारिस गर्ने प्रक्रिया

वडा स्तरमा गठन भएको उत्कृष्ट कृषक छनौट समितिले आफ्नो निर्णय सहित तपशिल बमोजिमको विवरण भरेर वडा कार्यालयको पत्र सहित पालिका स्तरीय कृषि विकास समितिलाई सिफारिस गर्नुपर्ने छ। विवरण भर्दा परिमाण लेखिएको महलमा अन्नबाली, तोरी, अलैंची भए बार्षिक उत्पादन अनुसार मुरी, किलो वा मन उल्लेख गर्नु पर्ने छ। फलफूलको हकमा बोटको संख्या वा बार्षिक उत्पादन (मेट्रिक टन) र पशु वस्तुको हकमा संख्या खुलाउनु पर्ने छ। मौरीको हकमा घार संख्या वा बार्षिक उत्पादन परिमाण खुलाउनु पर्ने छ। तरकारीको हकमा टनेल वा ग्रिन हाउसको संख्या, तरकारी लगाईरहेको जमिनको क्षेत्रफल खुलाउनु पर्ने छ।

विवरणको नमूना

| क्र.सं. | कृषकको नाम | छानिएको बाली/वस्तु | परिमाण | टोल | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | | अन्नबाली | | | |
| २ | | पशुपालन | | | |
| ३ | | नगदेबाली | | | |
| ४ | | फलफूल | | | |

## ८) अन्तिम छनौट प्रक्रिया

खोटेहाङ गाउँपालिकाको सबै वडाहरुबाट सिफारिस भै आएका नामहरुबाट हरेक वडाबाट तपशिल बमोजिमको बाली-वस्तु उत्पादन गरिरहेका १-१ कृषकलाई उत्कृष्ट कृषकको रुपमा छनौट गर्नु पर्नेछ।

| क्र.सं | बाली/वस्तु | संख्या |
|---|---|---|
| १ | अन्नबाली | ९ |

| | | |
|---|---|---|
| २ | फलफूल | ९ |
| ३ | पशुपालन | ९ |
| ४ | नगदेबाली | ९ |
| | जम्मा | ३६ |

कोटाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

## ९) अन्तिम छनौटका आधारहरु

हरेक वडाबाट छनौट भई आएका दफा ४ बमोजिमका कृषकहरु मध्ये उत्कृष्ट कृषक छान्ने आधारहरु देहाय बमोजिम हुने छ। उत्कृष्ट कृषक छनौट गर्नु पूर्व छनौट समितिले अध्ययन तथा अवलोकन समेत गर्ने छन्।

| क्र.सं | छनौटका आधारहरु |
|---|---|
| १ | उत्पादित बाली तथा वस्तुको परिमाण |
| २ | अल्पकालिन तथा पूर्णकालिन रोजगारी सिर्जना |
| ३ | सम्बन्धित कृषकको व्यवसायले छर-छिमेकमा पारेको सकारात्मक प्रभाव |
| ४ | सम्बन्धित कृषकको उत्साह र भविष्यमा गर्ने थप लगानी |
| ५ | एकल महिला, दलित, अल्पसंख्यक (थामी, माझी, भुजेल, शेर्पा, तामाङ, मगर) |

## १०) अन्तिम छनौट समिति

वडा स्तरबाट सिफारिस भै आएको नामहरु मध्ये सम्बन्धित बाली-वस्तु उत्पादन गरिरहेका उत्कृष्ट कृषक छनौट गर्न गठन हुने अन्तिम छनौट समितिमा देहाय बमोजिमका व्यक्तिहरु रहने छन्।

| क्र.सं | अन्तिम छनौट समिति | पद |
|---|---|---|
| १ | कृषि विकास समितिका संयोजक | संयोजक |
| २ | योजना शाखा प्रमुख | सदस्य |
| ३ | कृषि विकास शाखा प्रमुख | सदस्य |
| ४ | पशु विकास शाखा प्रमुख | सदस्य |
| ५ | कृषि विकास समितिका सदस्यहरु मध्ये १ महिला | सदस्य |
| ६ | गाउँपालिकाको अध्यक्ष | आमन्त्रित |
| ७ | गाउँपालिकाको उपाध्यक्ष | आमन्त्रित |
| ८ | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | आमन्त्रित |
| ९ | प्राविधिक शाखा प्रमुख | आमन्त्रित |

# परिच्छेद ३

## ११) पुरस्कार सम्बन्धि व्यवस्था

यस कार्यविधि अनुसार छनौट भएका उत्कृष्ट कृषहरुलाई तपशिल बमोजिमको नगद रकम सहित प्रमाण-पत्र प्रदान गरिने छ।

| क्र.सं | बाली/वस्तु | संख्या | प्रति व्यक्ति पाउने नगद पुरस्कार | जम्मा रकम |
|---|---|---|---|---|

| क्र.सं | बाली/वस्तु | संख्या | प्रति व्यक्ति पाउने नगद पुरस्कार | जम्मा रकम |
|---|---|---|---|---|
| १ | अन्नबाली | ९ जना | २०,००० | १,८०,००० |
| २ | फलफूल खेती | ९ जना | २०,००० | १,८०,००० |
| ३ | पशुपालन | ९ जना | २५,००० | २,२५,००० |
| ४ | नगदेबाली | ९ जना | २०,००० | १,८०,००० |
| | जम्मा | ३६ | ..... | ७,६५,००० |

**१२) तथ्यांक संकलन सम्बन्धि व्यवस्था**

*तथ्याङ्क संकलन गर्न प्रत्येक वडाबाट न्युनतम २० वटा नमुनाको रुपमा संकलन गर्न सकिनेछ। तथ्याङ्क संकलन गरे वापत प्रति तथ्याङ्क रु.१५० को व्यवस्था गरिनेछ।*

**१३) भ्रमण खर्च सम्बन्धि व्यवस्था**

*तथ्याङ्कको आधारमा अनुगमन गर्दा अनुगमनकर्ताको लागी भ्रमण खर्चको व्यवस्था गरिनेछ।*

**१४) आर्थिक पक्ष**

*कृषक प्रोत्शाहनको लागी खोटेहाङ गाउँपालिका भित्रका उत्कृष्ट कृषक छनोट गरि नगद पुरस्कारको व्यवस्था गर्न सकिने छ। साथै तथ्याङ्क संकलन, भ्रमण खर्च,प्रमाणपत्र,मिटिङ भत्ता र विविध शिर्षकमा आवश्यक्ता अनुसार खर्च व्यवस्थापन गर्न सकिनेछ।*

## परिच्छेद-४

## विविध व्यवस्था

**१५) बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्धिविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्धिविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ।

**१६) प्रचलित कानून बमोजिम हुने**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ।

**१७) कार्यविधि संशोधन**

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधि सञ्चालन गर्ने कममा कुनै समस्य भएमा समयानुकूल संशोधन गर्न सक्ने छ।

***१८) स्थलगत तथ्याङक सङकलन फर्मेट तपशिल रहने छ।***

कृषि विकास तर्फ

कृषकको नामः ........................................................................आ.व.

उदिम बहादुर राई

ठेगानाः

फोन नं.:

फर्म दर्ता गरेको भए  फर्मको नामः

| क्र.स | बालिको नाम | जात | लगाएको क्षेत्रफल रोपनीमा | उत्पादन के.जी. | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान | | | | |
| २ | मकै | | | | |
| ३ | कोदो | | | | |
| ४ | गहु | | | | |
| ५ | आलु | | | | |
| ६ | अलैंची | | | | |
| ७ | मसाला बाली | | | | |
| ८ | तरकारी | | | | |
| ९ | फलफुल | | | | |
| | | | | | |
| | | | | | |

पशु विकास तर्फ

कृषकको नामः ............................................................आ.व.

ठेगानाः

फोन नं.:

फर्म दर्ता गरेको भए  फर्म को नामः

| क्र.स | बालिको नाम | जात | जम्मा पशु सङ्ख्य | मासु उत्पादन के.जी. | दुध उत्पादन लि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाई | | | | | |
| २ | भैसी | | | | | |
| ३ | बाखा | | | | | |
| ४ | सुङगुर | | | | | |
| ५ | मौरी | | | | | |

धन्यवाद।

उदिम बहादुर राई
अध्यक्ष
चोदेराङ गाउँपालिका